नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय

वीरगंज, पर्सा

☎ ०५१-५२२१२४
०५१-५३१०६६
०५१-५२२११२
०५१-५२२०६६
Email: iro17@ird.gov.np

## धन्यवाद ज्ञापन

आर्थिक वर्ष २०८१/०८२ मा आन्तरिक राजस्व विभागबाट यस कार्यालयलाई राजस्व संकलन लगायत अन्य विभिन्न कार्यात्मक सूचकहरु पुरा गर्न कार्य जिम्मेवारी तोकिएकोमा आ.व. २०८१/०८२ को असार मसान्तसम्म विभिन्न क्षेत्रगत शिर्षकहरुमा राजस्व संकलनको निर्धारित वार्षिक लक्ष्य रू. ८ अर्ब ७१ करोड ८२ लाख ३५ हजार रहेकोमा सोही आ.व.को मसान्तसम्म रू. ९ अर्ब ४५ करोड ९५ लाख ७ हजार संकलन भई लक्ष्यको तुलनामा १०९ प्रतिशत प्रगती हासिल भएको छ । साथै, विभागबाट निर्धारित कार्यात्मक सूचकहरु (Functional Indicators) को वार्षिक निर्धारित लक्ष्यको तुलनामा सोही आ.व.को असार मसान्तसम्मको प्रगती हेर्दा अधिकांश सूचकहरु पुरा भई कार्यालयको समग्र कार्य सम्पादन स्तर ए प्लस (A+) रहेको छ।

आर्थिक वर्ष २०८१/०८२ मा राजस्व संकलन लगायत अन्य कार्यात्मक सूचकहरुको लक्ष्य हासिल गर्ने कार्यमा कार्यालयको प्रयासका साथै यसमा सरोकार राख्ने सम्बद्ध सबैको सहकार्य र ऐक्यबद्धताबाट भएको कुरा हामीले बोध गरेका छौं । नेपाल सरकारको राजश्व नीति तथा कार्यक्रमको कार्यान्वयन, कर नीति एवम् विभागीय निर्देशन तथा यस कार्यालयले अवलम्बन गरेको मासिक तथा वार्षिक रणनीतिक कार्यान्वयन कार्ययोजनालाई मुलमन्त्र मानी सरोकारवालाहरु बिच उचित समबुझाई र सिर्जनशील सहकार्य भएकोले निर्धारित कार्य जिम्मेवारीहरु सम्भव भएका हुन् ।

कार्यालयलाई तोकिएको आ.व. २०८१/०८२ को राजस्व संकलन लगायत अन्य विभिन्न कार्यात्मक सूचकहरुका लक्ष्यहरु पुरा गर्न योगदान गर्नुहुने सम्पूर्ण करदाता महानुभावहरू र कार्यालयको सम्पूर्ण कर्मचारी परिवार साथै, कार्यसम्पादनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग, समन्वय, र सहजीकरण गर्ने जिल्लास्थित राजस्व चुहावट नियन्त्रण समिति, जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयहरु, बैंकहरु, उद्योग वाणिज्य संघ लगायत निजी क्षेत्रका सम्पूर्ण छाता संगठनहरु, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) पर्सा, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ (ACAN) पर्सा , नेपाल अडिटर्स एशोसियसन (AUDAN) पर्सा र मिडियाकर्मी तथा पत्रपत्रिकामा आबद्ध सम्पूर्ण सञ्चारकर्मीहरु लगायत अन्य सरोकारवाला सबैमा कार्यालयको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

साथै, चा.लु आ.व. २०८२/०८३ मा समेत विभागबाट यस कार्यालयलाई निर्धारित हुने राजस्व संकलन लगायत अन्य विभिन्न कार्यगत सूचकाङ्कहरु पुरा गर्न नेपाल सरकारद्वारा निर्धारित राजस्व नीति/कानूनको कार्यान्यवन, विभागीय नीति-निर्देशनहरुको अनुसरण र कार्यालयको रणनीतिक कार्यान्वयन कार्ययोजनाको कार्यान्वयनमा सम्बद्ध सम्पूर्ण सरोकारवालाहरुबाट सिर्जनशील सहकार्य र समबुझाईको अपेक्षा राखिएको छ ।

(टिकाराज चौलागाई)
प्रमुख कर अधिकृत
मिति २०८२/०४/०१

**"कर प्रणालीको सार, लगानीको आधार"**